स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म निर्माता बन्ने अभिनेत्रीको लहरमा बेनिशा हमाल पनि थपिएकी छिन्। फिल्म 'द ब्लु लाइट'मा उनी कार्यकारी निर्माता छिन्। शुक्रबारबाट प्रदर्शनमा आउन लागेको यो फिल्म उनका लागि एउटा प्रोजेक्ट मात्र होइन, मेहनत, लगानी र नयाँ सपनाको परीक्षा पनि हो। भूमिकामा ध्यान दिए पुग्थ्यो, तर निर्माता बनेपछि जिम्मेवारीको दायरा निकै फराकिलो भएको उनी बताउँछिन्।

**आजको विचार...**



२०८२... (दुई पेजमा)

शम्भु कोइराला



फिल्म 'आइएम जितबहादुर' को छायाँन सकिएको छ। बिहीबार शंखमुलस्थित 'ए-वान क्याफ' मा जितुको अन्तिम दृश्य छायाँनसँगै फिल्म सकिएको हो। कलाकार जितु नेपाल 'मुन्द्रे' को मुख्य भूमिका र निर्माण रहेको फिल्मको १५औं दिनमा छायाँन सकिएको हो। फिल्ममा जितुका अलवा प्रियाँ कार्की, वर्षा राउतको पनि मुख्य भूमिका छ। फिल्ममा नीति शाह, आर्यन सिग्देल पनि देखिनेछन्। हिन्दी र बाँली भाषाका फिल्म निर्देशक शुभेन्दु घोष निर्देशित फिल्ममा प्रियाँ कार्की र वर्षा राउतको पनि अभिनय छ।

❒ वर्ष ३१ अंक १८५ ❒ २०८२ माघ १८ गते आइतबार 1 February 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# हिमालको उदय यात्रा : विद्यार्थी राजनीतिदेखि संसद् यात्रामा

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ १७/सामाजिक र राजनीतिक क्षेत्रमा चिरपरिचित नाम हो हिमालदत्त श्रेष्ठ । नेपाल विद्यार्थी संघ (नेविसंघ) को राजनीतिबाट उदाएका श्रेष्ठ नेपाली राजनीतिको प्रभावशाली युवा नेतामध्ये एकका रूपमा परिचित छन् । युवा पुस्तामाझ लोकप्रिय छवि बनाउन सफल उनको राजनीतिक यात्रा विद्यार्थी राजनीतिबाट प्रारम्भ भएको हो । मातापिता बाबुराम श्रेष्ठ र तिलकुमारी श्रेष्ठका छोरा हिमालको जन्म २०३७ सालमा तानसेनमा भएको हो ।

तानसेनस्थि सेन माध्यमिक विद्यालयबाट प्रारम्भिक शिक्षा सुरु गरेका श्रेष्ठको सानैदेखि समाज र राष्ट्रको सेवा गर्ने सपना थियो । त्यही सपनाका कारण उनलाई विद्यार्थी राजनीतिप्रति आकर्षित गऱ्यो । सेन विद्यालयमा अध्ययनरत रहँदादेखि नै



उनी विद्यार्थी राजनीतिमा सक्रिय थिए । २०५१ सालमा सेन माविको नेविसंघ सभापति बनेका श्रेष्ठको त्यसपछि विद्यार्थी राजनीतिमा सक्रियता अझै बढ्दै गयो । २०५४ मा त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा इकाई सदस्य र २०५५ मा स्व.वि.यु सदस्य बनेका उनी नेवि संघको एकाई सभापति, स्व.वि.यु. उपसभापति हुँदै २०६० मा स्व.वि.यु. सभापतिमा निर्वाचित भएका थिए । त्यही बेला जनआन्दोलनका क्रममा श्रेष्ठ काठमाडौंमा गिरफ्तारीमा परे । १७ दिनपछि रिहा भएका उनी २०६१ मा नेविसंघ पाल्पाको सभापति बने । सोही बेला पनि उनी पाल्पामा गिरफ्तारीमा परे । त्यसपछि श्रेष्ठ नेविसैको केन्द्रीय राजनीतिमा प्रवेश गरे । २०६२ मा नेविसंघ केन्द्रीय सदस्यमा मनोनित भएका उनी २०६४ मा चितवनमा भएको महाधिवेशनबाट पश्चिमाञ्चल क्षेत्रबाट सबै भन्दा बढी मत प्राप्त गरी केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । सोही बेला श्रेष्ठ नेपाली काँग्रेसको जिल्ला अधिवेशनबाट पहिलो स्थानमा जिल्ला सदस्य निर्वाचित भएका थिए । २०७२ मा नेपाली काँग्रेसको महासमिति सदस्य बनेका उनी २०७३ मा नेवि संघको केन्द्रीय महामन्त्रीका उम्मेदवार थिए । विद्यार्थी र पार्टीका विभिन्न तहमा बसेर महत्वपूर्ण भूमिका निर्वाह गरेका श्रेष्ठ अन्ततः २०७७ मा नेपाली कांग्रेस पाल्पाको सभापतिमा निर्वाचित भए । विद्यार्थी राजनीतिबाट जिल्ला नेतृत्वसम्मको लामो सैर्षपूर्ण यात्रापछि नेपाली कांग्रेसको सभापति बनेका श्रेष्ठले जिल्लाको संगठनलाई थप बलियो बनाउने दिशामा महत्वपूर्ण भूमिका खेले । विभिन्न आन्दोलनका क्रममा पटक-पटक हिरासतमा परेका उनी राजनीतिक सैर्षका अनुभवी पात्र बने । हुने विरुवाको चिल्लोपात भनेझैं सानो उमेरदेखि समाज सेवा र राजनीति क्षेत्रमा इमान्दारिताका साथ लागेका श्रेष्ठ अन्ततः संसद्को यात्रामा छन् । उनले २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा पाल्पा क्षेत्र नं. २ बाट उम्मेदवारी दिएका छन् । जिल्लाको राजनीतिबाट जनताको सेवामा समर्पित रहेका श्रेष्ठ अब संसद्बाटै जनताका सवालमा सरकारलाई प्रश्न गर्ने र जवाफदेही बन्ने भूमिकामा जान चाहन्छन् । मनोनयन दर्ता गरेर मतदातासँग भेटघाट थालेका उनी उत्साहित देखिन्छन् । श्रेष्ठका अनुसार अहिले पार्टी पंक्तिलाई संगठित गरेर मतदाताको माझ पुग्ने काम तीव्र बनाइएको छ । राजनीतिप्रति जनआक्रोश बढिरहेका बेला पारदर्शिता, सुशासन र जवाफदेहिताले मात्र जनविश्वास जित्न सकिने उनको धारणा छ । अग्रज नेताको सुझाव र समर्थन लिएर अघि बढेको उनी बताउँछन् । चुनावमा राजनीतिक दलमाथि मासु-मदिरासँग भोट साट्ने आरोप लाग्दै आएको सन्दर्भमा श्रेष्ठले सुधारिएको कांग्रेसले त्यस्ता प्रवृत्ति नदोहोर्याउने दाबी गर्छन् । पार्टी रुपान्तरणपछि उच्च शिर लिएर मत माग्न सक्ने अवस्था बनेको अनुभूति उनी गर्छन् । "नेतृत्व परिवर्तन नभएको भए प्रश्नको भारले हामी थिचिन्थ्यौं," उनी भन्छन्, "अहिले सुधारिएको कांग्रेसका प्रतिनिधिका रूपमा मतदातामाझ उभिन पाउँदा उत्साह बढेको छ ।" नयाँ दलहरूको चुनौतीलाई पनि उनी स्वाभाविक प्रतिस्पर्धाका रूपमा लिन्छन् । "सबैसँग स्वस्थ प्रतिस्पर्धाका लागि हामी तयार छौं," उनको भनाइ छ । सांसदको भूमिकाबारे बोल्दा श्रेष्ठ स्पष्ट छन् । प्रतिनिधिसभा सदस्य कानुन बनाउनका लागि चुनिने भए पनि जनताको विकाससम्बन्धी अपेक्षाबाट अलग रहन नसकिने उनी बताउँछन् ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा ११ को मृत्यु

(रासस/एएफपी)

**गाजा सिटी,** माघ १७/गाजा पट्टीमा शनिबार भएको इजरायली हवाई आक्रमणमा ११ जनाको ज्यान गएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार, उनीहरुले शरणार्थी शिविरमा शरण लिइरहेको अवस्थामा आक्रमण भएको थियो । हमास प्राधिकरण अन्तर्गतको मन्त्रालयका महाप्रबन्धक मुनीर अल-बर्शलाई उदृत गर्दै एएफपीले थप २० जना घाइते भएको तथा इजरायलले अपार्टमेन्ट र शिविरका नागरिकहरूलाई लक्षित गरि आक्रमणगरेको जनाएको छ । घाइतेहरू उपचारको लागि उत्तरमा गाजा सहर र दक्षिणमा खान युनिसको अस्पतालमा पुगेको बार्सले बताएका छन् । इजरायलले "चिकित्सा आपूर्ति, औषधि र चिकित्सा उपकरणको गम्भीर अभावको बीचमा युद्धविराम सम्झौताको गम्भीर उल्लैन जारी राखेको बार्सले जनाएका छन् । अक्टोबर देखि अमेरिकाले गरेको युद्धविराम जनवरीमा दोस्रो चरणमा पुगेको छ, जसमा हमासको निशस्त्रीकरण, क्रमिक इजरायली फिर्ती र अन्तर्राष्ट्रिय स्थिरीकरण बलको तैनाती समावेश छ ।

## रैनादेवी छहरामा नेकपाको विस्तारित बैठक





**पाल्पा,** माघ १७/नेपाली कम्युनिष्ट पार्टी (नेकपा)को विस्तारित बैंठक जिल्लाको रैनादेवी छहरामा बसेको छ । नेकपा गाउँ समितिको आयोजनामा आसन्न प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गरी बैठक बसेको हो ।

बैठकलाई नेकपाका नेता तथा पाल्पा क्षेत्र नं २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार सोम प्रसाद पाण्डेयले सम्बोधन गरेका हुन् । बैंठकलाई सम्बोधन गर्दै उनले अहिले नेकपाको पक्षमा जनलहर देखिएको बताए । उनले यो निर्वाचन सामान्य चुनाव नभई मुलुकको भविष्यसँग जोडिएको निर्णायक लडाइँ भएको उल्लेख गरे । नेता पाण्डेयले भने, "यो देशलाई संकटबाट मुक्त गर्न यो निर्वाचन सफल बनाउनै पर्छ । अहिलेको चुनावमा हाम्रो जित सुनिश्चित रहेको छ । त्यसका लागि कार्यकर्ताहरू एकजुट भएर लाग्नुपर्ने छ ।" नेता पाण्डेयले अहिले देश र जनताको भावना अनुसार नेकपाको जित आवश्यक रहेको बताउँदै पाल्पाको हकमा सबै पक्षबाट देखिएको उत्साहले आफ्नो जित सुनिश्चित रहेको दावी गरे । नेकपा केन्द्रीय सदस्य तथा निर्वाचन परिचालन समितिका संयोजक यादव बहादुर रायमाझीले यसपटकको निर्वाचन नेकपाको पक्षमा रहेको दाबी गरे । उनले भने "यो निर्वाचन मतको लडाइँ हो। हामी सबै एकजुट भएर लाग्नुपर्छ । जनताको उत्साहले हाम्रो विजय सुनिश्चित भएको छ ।" नेकपाका नेता राजेन्द्र विश्वकर्मा र कमल रायमाझीले नेकपालाई विजयी बनाउन सबै मतदातालाई आग्रह गरे । बैठक पदम सोमैको अध्यक्षता र प्रदीप प्रसाद पोखरेलको सञ्चालनमा भएको थियो ।

## एक महिना लामो स्वस्थानी आज समापन गरिँदै

**पाल्पा,** माघ १७/पौष शुक्ल पूर्णिमादेखि वैदिक सनातन हिन्दू धर्मावलम्बीले घर-घरमा सुरु गरेको एकमहिने स्वस्थानी व्रत आज (आइतबार) विधिपूर्वक समापन गरिँदै छ । पौष शुक्ल पूर्णिमादेखि विधिपूर्वक स्वस्थानीको व्रत सुरु गरी नित्य मध्याह्नकालमा पार्वतीसहित महादेवको पूजा गरेका देशभरका भक्तजनले आज व्रत समापन गर्न लागेका हुन् ।




त्यसै दिनदेखि सुरु गरिएको स्कन्द पुराणअन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रूपमा भन्ने र सुन्ने कामको पनि आजैदेखि अन्त्य गरिँदैछ । नजिकैका पवित्रस्थलमा गई फूलपाती विसर्जन गर्ने गरिन्छ । यस दिन बर्तालु रातभर जाग्राम बस्ने र अर्को दिन बिहान एक महिनासम्म स्वस्थानी देवीलाई चढाइएको फूलपाती नजिकको नदी, ताल, तलाउ वा पोखरीमा लगी सेलाउने व्रत विधि छ । विधिपूर्वक एक महिने व्रत गरेका बर्तालुले माघ शुक्ल पूर्णिमाका दिन आज १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिँदै छन् । चढाइएका प्रसादमध्ये सबैबाट आठ-आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवं मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि छ । आफू बसेको स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थानअर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## दिगो विकासका लागि नयाँ सोच

नेपालले दिगो विकासको अवधारणा औपचारिक रूपमा स्वीकार गरेको धेरै वर्ष भइसकेको छ । संविधान, नीति तथा योजनाहरूमा दिगो विकासका लक्ष्यहरू समेटिएका छन् । तर व्यवहारमा हेर्दा दिगो विकास अझै कागजमै सीमित देखिन्छ । यस अवस्थामा अब पुरानै ढर्राबाट होइन, नयाँ सोच र व्यवहारिक दृष्टिकोणबाट दिगो विकासतर्फ अघि बढ्नुपर्ने समय आएको छ ।

दिगो विकास भनेको केवल भौतिक पूर्वाधार निर्माण मात्र होइन् । यसले आर्थिक समृद्धि, सामाजिक न्याय र वातावरणीय सन्तुलनलाई समान रूपमा जोड्छ । नेपालमा विकासको नाममा सडक, भवन र संरचना त बने, तर वातावरणीय क्षति, सामाजिक असमानता र स्रोतको दुरुपयोग पनि सँगसँगै बढ्यो । यसले देखाउँछ–विकासलाई केवल खर्च र निर्माणसँग जोडेर हेर्ने सोच अब परिवर्तन हुनैपर्छ । नयाँ सोचको पहिलो आधार स्थानीय आवश्यकता र क्षमताको सम्मान हो । केन्द्रबाट बनाइने एकरूप नीति सबै ठाउँका लागि उपयुक्त हुँदैन । स्थानीय तहमा उपलब्ध स्रोत, सीप र संस्कृतिलाई आधार मानेर विकासका योजना तयार गरिनु आवश्यक छ । यसले विकासलाई आत्मनिर्भर र दिगो बनाउँछ । दोस्रो, मानव पूँजीमा लगानी बिना दिगो विकास सम्भव छैन । शिक्षा, स्वास्थ्य र सीप विकासलाई प्राथमिकतामा नराखी गरिएको विकास दीर्घकालीन हुँदैन । आजको युवा जनशक्तिलाई रोजगारीमुखी र नवप्रवर्तनमैत्री बनाउन सकिएन भने विकासको लाभ सीमित वर्गमै सिमित हुन्छ । पर्यावरणीय उत्तरदायित्व नयाँ सोचको केन्द्रमा हुनुपर्छ । जलवायु परिवर्तनको असर नेपालजस्तो हिमाली देशले गम्भीर रूपमा भोगिरहेको छ । वन, पानी, जमिन र जैविक विविधताको संरक्षणलाई विकासको बाधक होइन, आधारको रूपमा लिनु आजको आवश्यकता हो । अन्ततः, जवाफदेही सुशासन र नागरिक सहभागिता बिना दिगो विकासको कल्पना गर्न सकिँदैन । नीति निर्माणदेखि कार्यान्वयनसम्म पारदर्शिता र जनसहभागिता सुनिश्चित हुनुपर्छ । विकास सरकारको मात्र होइन, समाजको साझा यात्राको विषय हो । दिगो विकासका लागि नयाँ सोच भनेको ठूलो भाषण होइन, साना तर सही निर्णयहरूको निरन्तरता हो । यदि आज सोच बदलेनौँ भने भोलिको पुस्तालाई समस्यामात्र हस्तान्तरण गर्नेछौँ । त्यसैले अब विकासलाई संख्यामा होइन, असरमा मापन गर्ने समय आएको छ ।

### Opinion @ Socia Network

जिन्दगीमा धेरै घमण्ड नगर साथी मरेर चितामा पुग्दा
मुल्य दाउराको हुन्छ लासको होइन।
*(विकाश सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Bikash.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# २०८२ को निर्वाचन, सुरक्षा र चुनावी वातावरण



## शम्भु कोइराला

**नमागिएको सल्लाह : चुनाव घोषणा भएपछि धेरैको प्रश्न हुन्थ्यो- चुनाव होला ?**
गत भदौ २४ गतेपछिका एक हप्तासम्मको परिस्थिति लगभग राज्यविहीनताको थियो । यद्यपि, २५ गतेबाट केही सहज भएको थियो । यस्तो अवस्थामा चुनावको कल्पना गर्न पनि कठिन थियो । धेरै कैदीबन्दीलगायतका अपराधी जेलतोडेर भागेका थिए, प्रहरीको हतियार लुटिएको थियो । प्रहरी बस्ने भवन, ब्यारेक, बिटहरू खरानी भएका थिए । नेपालको सान सिंहदरबार सर्वोच्च अदालतलगायत अदालतहरू, संसद् भवनलगायतका देशका धरोहर मानिने संरचनाहरू, छानी-छानी आगजनी गरिएको थियो । राष्ट्रिय उद्योगपति मीनबहादुर, चौधरी समूहलगायतका नेपाली जनतालाई रोजगारी दिने मुख्य धरोहरमा समेत आगजनी गरेर धुलिसात बनाइएको थियो, नेता, केही कर्मचारीका घर पनि आगजनी गरिएका कारण समाज नै स्तब्ध भएको थियो । व्यवस्था परिवर्तन भएका आन्दोलनमा पनि नभएका अभूतपूर्व र भयावह घटना घटेका थिए । हरेक मानिसको मनमा डर थियो । भदौ २३ गते मारिएका २१ जना युवा र ३ जना प्रहरीको मृत्यको कारण जनमानस क्रोधित र भयातुर बनेको थियो । २४ गते मारिएकामा, दशजना भाग्न खोज्दा मृत्यु भएका कैदी र अन्य भाटभटेनीलगायत संरचनामा जलेर धुलिसात बनेको अवस्थामा फेला परेका थिए । यी घटनाले पनि समाज भयभीत थियो । मानिसले चुनावको कुरा सुन्न पनि नचाहने अवस्था थियो । हरेक मानिस आफ्नो मनलाई सम्हालिरहेका थिए । परिस्थिति यस्तो थियो कि-चुनाव बेमौसमको बाजा जस्तो सुनिने अवस्था थियो । समयको गतिशीलता भनौं वा आवश्यकता, आजको दिनसम्म आइपुग्दा अबको लगभग एक महिनापछि मुलुकमा प्रतिनिधिसभाका लागि मतदान हुनेछ । चुनाव होला ? भन्ने साथीभाइको प्रश्नमा यो पंक्तिकारको जवाफ हुन्थ्यो, हुन्छ । कारणहरू थिए : पहिलो, सरकार प्रमुखको चुनाव प्रतिको निष्ठा । सुशीला कार्की, मुलुकले अप्ठ्येरो अवस्थामा परीक्षा लिएको र उत्तीर्ण भएको व्यक्ति हुन् । न्याय क्षेत्रको मानिस भए तापनि राजनीतिक वातावरणमा हुर्केकी र राजनीतिक संस्कार र संस्कृति बुझेकी मानिस भएका कारण चुनाव गराउने उनको निष्ठामा शंका गर्ने ठाउँ थिएन । उनले प्रतिशोधको राजनीतिका कारण अधोगति उन्मुख देशहरू नजिक छिमेकमा देखिसकेकी थिइन् । दोस्रो कारण थियो गृह र अर्थमन्त्रीको छनौट । गृहमन्त्री ओमप्रकाश अर्याल, संविधान र कानुनका ज्ञाता थिए । प्रजातान्त्रिक संस्थाहरू निष्पक्ष र प्रभावकारी हुनुपर्छ भन्नेमा विश्वास राख्ने उनको व्यक्तित्व हो । शुरुवाती दिनमा आन्दोलनकारीको दबाब र प्रभावमा परेर गृहमन्त्री केही अपरिपक्व जस्तो देखिए तापनि समयको चापसँगै उनी पनि संयमित र सन्तुलित बन्दैगए । उनका भनाइहरूमा परिवर्तन आउन थाल्यो । समय, सन्दर्भ नबुझ्ने सुदन-बालेनहरूको दबाब थेग्दै प्रधानमन्त्री र गृहमन्त्रीले राजनीतिक दलहरूसँग सम्वादको वातावरण बनाएसँगै देश चुनावमय भएको छ । अर्को महत्वपूर्ण कुरा हो- देशको ढुकुटी । सादगी र संयमित अर्थमन्त्री रामेश्वर खनालले सहज रूपमा चुनावी खर्चको व्यवस्थापनसँगै अर्थतन्त्रलाई लयमा राख्न गरेको कामको कारण पनि सरकारलाई अर्थ-प्रबन्धमा समस्या परेन । तेस्रो हो- चुनाव नभएको अवस्थामा देश अस्थिरता र अनिश्चिततामा जाने परिस्थिति । प्रतिनिधि पुनस्थापना विकल्प हुनसक्थ्यो तर त्यसले युवा आन्दोलनको मागलाई सम्बोधन गर्नसक्ने अवस्था बन्ने थिएन । अब चर्चा गरौं-चुनावी सुरक्षा बारेमा । चुनावी सुरक्षा भनेर सेना, प्रहरी, निर्वाचन प्रहरीको तैनाथीमात्र भनेर बुझियो भने त्यो संकुचित हुन्छ । मुख्य कुरा राजनीतिक दलहरूको सक्रियता हो । राजनीतिक दलहरू उच्च मनोबलका साथ हरेक मतदाताको घरमा मत माग्न जाने राजनीतिक वातावरण भयो भने शान्तिसुरक्षाको समस्या धेरै समाधान भएर जान्छ । अहिले त्यस्तो वातावरण भएको छ । निर्वाचनप्रति संदिग्ध टिप्पणी गरिरहेका एमाले नेता ओलीलगायत एमाले पार्टी चुनावमा होमिएका कारण सबै राजनीतिक दलहरू चुनावमा सक्रियतापूर्वक लागेका छन् । नेपाली कांग्रेस, विशेष महाधिवेशनले चयन गरेको सभापति गगन थापाको नेतृत्वमा निर्वाचनमा गएका कारण कांग्रेस जनहरूमा उत्साहको सञ्चार भएको छ । काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेर चुनावी दौडाहामा लागेका कारण युवा जमात उत्साहित देखिएको छ ।

### निर्वाचनमा सुरक्षा चुनौती

दलहरूले हालसम्म निषेधको राजनीति नगरेका कारण चुनाव पहिलेको सुरक्षामा खासै ठूलो चुनौती देखिएको छैन । साँच्चै सुरक्षा चुनौती आएको अवस्थामा सुरक्षा निकाय सक्षम छ त ? भन्ने प्रश्न महत्वपूर्ण छ । हालसम्म कोही कसैको पछि नलागेको र लागे पनि सफल नभएको अवस्था हुनसक्दछ । सम्भावित प्रधानमन्त्रीका उम्मेद्वार भनिएकाहरू जसरी कमजोर सुरक्षा घेरामा र सुरक्षाविना चुनाव प्रचारमा देखिएका छन् त्यसले धेरै प्रश्न उब्जाएको छ । नेता र सुरक्षाकर्मी दुवै सेरेमोनियल जस्तो देखिएका छन् । आवरणमा सबै ठीकठाक छ तर चुनौतीको समयमा ठोस कारबाही गर्ने अवस्था छैन । सेरेमोनियल सुरक्षाप्रबन्धले घटना नघटेसम्म काम गर्दछ । घटना घटाउन चाहेमा वा घटेमा कामयाव बन्दैन । भदौ २४ मा किन हाम्रा धरोहर जले ? किनकि हाम्रो सुरक्षा प्रबन्ध सेरेमोनियल थियो । फगत देखावटी । त्यसो थिएन भने ती धरोहरको रक्षा किन भएन ? कसैले भन्ला, आदेश थिएन- त्यो धरोहरको सुरक्षा गर्ने कार्यादेश भएको सुरक्षा निकायलाई कसको आदेश चाहियो ? अहिलेको चुनावमा पनि सम्बन्धित सुरक्षा निकायलाई स्पष्ट कार्यादेश भएन भने नतिजा गतिलो नआउन पनि सक्छ । सेनाको संख्या, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संख्या, निर्वाचन प्रहरीको संख्या जोडेर हामी लाखौंको संख्या भनेर आश्वस्त पार्न सक्छौं । सर्वसाधारण जनता आश्वस्त बन्न सक्ला तर अपराधी, राज्यसंयन्त्रका कमीकमजोरी पत्ता लगाएर बसेको हुन्छ । सुरक्षा निकायको सूचना संकलन, प्रहार गर्ने क्षमता सबैको आँकलन गरेर बसेको हुन्छ । राजनीतिको अपराधीकरण र अपराधीको राजनीतीकरण सामान्य भएको हाम्रो समाजमा अपराधी र राजनीतिकर्मी छुट्याउन कठिन छ । यस्तो अवस्थामा सुरक्षा चुनौती बढेर जान्छ । अब नेपाली सेना चुनावी प्रयोजनका लागि सम्बन्धित चुनाव क्षेत्रमा पुगेर बाहिरी सुरक्षा प्रबन्ध गरी मतदातालाई आश्वस्त पार्ने काम गर्नेछ । निर्वाचन प्रहरी पनि आधारभूत प्रशिक्षणपछि चुनावी सुरक्षामा लाग्नेछन् । यसले निर्वाचन अगाडिको सुरक्षा बन्दोबस्तलाई सहज बनाउनेछ । निर्वाचनको दिनको सुरक्षा अर्को महत्वपूर्ण पाटो हो । नाकामा बसेर प्रतिपक्षीका मतदाता आउँन नदिने, डर र धम्की सिर्जना गर्ने, निर्वाचनमा खटिएका कर्मचारीलाई डर, धाक र धम्की दिने, मतदानस्थलको वातावरण मिलाएर मौन बुथ क्याप्चर गरी एकोहोरो मतदान गर्ने, बल प्रयोग गरेर बुथ क्याप्चर गर्ने लगायत घटना हुन सक्दछन् । यस्तो अवस्थामा सुरक्षा निकाय र सूचना संकलन गर्ने निकाय चनाखो रहनुपर्दछ । त्यसरी अवरोध गर्ने तत्वलाई पहिचान गरी मतदानस्थलको वातावरणमा भय सञ्चार नहुनेगरी नियन्त्रणमा लिनुपर्दछ । मतदान भइसकेपछि मतपेटिका सुरक्षित तवरले मतगणनास्थलमा पुऱ्याउनु पनि चुनौतीपूर्ण काम हो । यसमा हार्ने पक्षले अपराधीहरू परिचालन गरेको हुनसक्दछ । थकित र त्रस्त अवस्थामा मतपेटिका लिएर गएको टिमको सुरक्षामा पनि उत्तिकै चनाखो हुन जरुरी छ । निर्वाचन प्रहरी आफैं यदाकदा समस्या बन्ने गरेका छन् । रोजगार बजारबाट छोटो समयका लागि करारमा लिएका कारण उनीहरूको स्वतन्त्र नागरिकको बानी यथावत् रहेको हुन्छ । उनीहरू जेन-जी समूहका भएको र मुलुकको सुरक्षा अवस्था कमजोर भएको अवस्थाको फायदा, उठाउन सक्नेतर्फ चनाखो बन्नुपर्ने अवस्था रहन्छ । निर्वाचनपछिको सुरक्षा अरू समयको भन्दा यसपटक महत्वपूर्ण हुनसक्छ । पहिलेका निर्वाचनमा २०४८ सालदेखिको चुनावमा भागलिएका र लामो राजनीतिक जीवन बिताएर आएका नेताहरू भएकाले केही हदसम्म राजनीतिक संस्कार देख्न पाइन्थ्यो । अब समय बदलिएको छ । सबै आदेश निर्देश सामाजिक सञ्जालबाट हुने र सञ्जालको आदेशमा परिचालित बन्ने परिस्थिति देखियो, भोगियो । नयाँ हुँ भन्नेहरूले जितेको अवस्थामा जोसमा होस गुमाउने परिस्थिति बन्नसक्दछ भने हारेको अवस्थामा हाम्रो त्यत्रो समर्थन थियो, धाँधली भयो भनेर अशान्ति मच्चाउने सम्भावना छ । नयाँ भनिएकाहरूमा भिडलाई उत्तेजनामा ल्याउने तर सम्हाल्न नसक्ने वा ध्यान नदिने परिस्थिति छ । त्यस्तो अवस्थामा के कसरी शान्ति व्यवस्था कायम गर्ने भन्नेमा स्पष्ट हुन जरुरी छ । विजय जुलुसको व्यवस्थापन पनि सुरक्षा चुनौती बन्न सक्ने भएकाले यसमा सुरक्षा संयन्त्रलाई केन्द्रीय सुरक्षा समितिले स्पष्ट निर्देशन दिन जरुरी छ । गएको जेनजी आन्दोलनबाट मनोबल कमजोर भएको परिस्थितिमा निर्वाचनलाई मात्र होइन जनतालाई पनि कसरी सुरक्षित गर्ने भन्नेमा ध्यान पुग्न जरुरी छ । फेरि, सुरक्षा कारबाही गर्दा छानबिन आयोग बन्ने र झमेलामा पर्ने डरले पनि सुरक्षा निकायलाई भुत्ते बनाएको हुनसक्दछ । यसमा समुचित निर्देशन जरुरी छ । आन्दोलनको समयमा लुटिएका हतियार र अपराधी यस समयमा प्रयोग हुनसक्छन्, सुरक्षा निकाय चनाखो रहनु आवश्यक छ ।

### चुनावी वातावरण

यस आलेखलाई अन्तिम रूप दिँदासम्मको परिस्थितिलाई नियाल्दा मुलुकलाई चुनावी ज्वरोले छोएको छ, दिनप्रतिदिन तापमान बढ्दो छ । सबै दल उत्साहपूर्वक चुनावमा सहभागी हुने परिस्थिति बन्नु नै अनुकूल चुनावी वातावरणको संकेत हो । नयाँ भनिएका र पुराना भनिएका दलहरू पनि जनताको परीक्षामा गएका छन् । यस परीक्षामा उत्तीर्ण भएर आउनेलाई आगामी पाँच वर्ष मुलुक चलाउने जिम्मेवारी प्राप्त हुनेछ । एकदलको बहुमत नआएको अवस्थामा सबैभन्दा ठूलो दललाई मुलुक चलाउन दिएर अरू प्रतिपक्षमा बसी रचनानात्मक भूमिका खेल्नसके मतदाताप्रति न्याय हुनेछ । नेपाली कांग्रेसमा विशेष महाधिवेशनपछि आएको परवर्तनले केही अनुकूल राजनीतिक परिस्थिति र संस्कार स्थापनाको अपेक्षा गर्न सकिन्छ । अहिलेसम्मको अनुकूल चुनावी वातावरणलाई खल्बलिन नदिन सुरक्षा निकाय चनाखो रहन जरुरी छ । चुनावी सरकारले सबै पक्षप्रति समान र सम्मानपूर्ण व्यवहार गरेमात्र निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गरी यस तरल परिस्थितिबाट पार पाउन सकिनेछ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :पहिलादेखि सोचेर राखिएका केही कामहरू फेरि अघि बढाउने सोच आउने छ। | **तुला** : काममा ढिलाइ भए पनि अन्त्यमा सन्तोषजनक परिणाम आउने संकेत छ। |
| **वृष** : आर्थिक पक्ष सक्रिय रहनेछ। खर्चका विषय पनि उठ्न सक्छन्। | **वृश्चिक** : सम्मानसम्बन्धी कुराले सकारात्मक दिशातिर हजुरलाई डोऱ्याउने छ। |
| **मिथुन** : योजनामा स्पष्टता आउने दिन हो। विचारलाई ध्यान दिएर सुन्नेछन्। | **धनु** : जोडिएका कुरामा छलफल हुन सक्छ।अन्योल हटाउन सहयोग गर्नेछ। |
| **कर्कट** : पुराना अनुभव वा सम्झनाले सोचलाई अलि गहिरो बनाउने दिन हो। | **मकर** : अधुरा काम सम्झनामा आउन सक्छन्।ठूला निर्णय नगर्नमै बुद्धिमानि होला। |
| **सिंह** : सामाजिक सम्पर्कमा विस्तार हुने छ।चिनजानबाट सहयोग मिल्न सक्छ। | **कुम्भ** : प्रेम, सन्तान वा नजिकको सम्बन्धले केही कुरामा व्यस्त बनाउन सक्छ। |
| **कन्या** : जिम्मेवारीको चाप महसुस हुन सक्छ। सम्हाल्न खोज्दा थकान बढ्न सक्छ। | **मीन** : पारिवारिक दायित्व दुवै एकैचोटि देखिन सक्छन् विचार गर्दै धन खर्चिनुहोला। |

# कृषि

## बाँझो जमिन उपयोग गरेर फलाइयो तिते फापर




खोटाङ जन्तेढुङ्गा गाउँपालिकाले बाँझो जमिन उपयोगमा ल्याउँदै पहिलो पटक ११ मुरी तिते फापर उत्पादन गरेको छ । गाउँपालिकाले कार्यान्वयनमा ल्याएको 'रैथाने बाली प्रवर्द्धन कार्यक्रम'अन्तर्गत विनियोजन गरिएको रु एक लाख बजेटबाट यस वर्ष ११ मुरी तिते फापर उत्पादन गरेको हो । गाउँपालिकाको लगानीमा उत्पादन गरिएको औषधीय गुण भएको तिते फापर बिक्रीका लागि प्रतिकेजी रु ९० मूल्य निर्धारण गरिएको गाउँपालिका प्रमुख अरुणादेवी राईले जानकारी दिइन् । "तिते फापर लोप हुँदै गएको छ । यो स्वास्थ्यका लागि फाइदाजनक छ । गाउँपालिकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । यही कार्यक्रमअन्तर्गत यस वर्षदेखि तिते फापर उत्पादन सुरु गरिएको हो", उनले भनिन्, "गाउँपालिकाले उत्पादन गरेको तिते फापर बिक्रीका लागि भण्डारण गरेर राखिएको छ । खरिद गर्न इच्छुक महानुभावले चिसापानी बजार आएर प्रतिकेजी रु ९० मूल्यमा लिनसक्छन् ।" गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत वडा नं ४ डम्बर्खुशिवालयको भञ्ज्याङखर्कमा सरकारी तथा पर्ती जग्गामा तिते फापर खेती लगाएको थियो । तिते फापरखेतीका लागि जमिन खनजोत गर्न, बीउ छर्न, उत्पादित फापर काट्ने र उठाउने काममा पारिश्रमिक दिएर कामदार लगाइएको गाउँपालिकाका कृषि विकास शाखा प्रमुख काजोल कुश्माले जानकारी दिइन् । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने यो जन्तेढुङ्गा गाउँपालिकाले यसअघि सोही ठाउँको बाँझो जमिन उपयोग गरेर छ हजार केजी आलु उत्पादन गरेको थियो । आलुखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले आव २०८१/०८२ मा उपलब्ध गराएको रु १५ लाख सशर्त बजेटमध्ये रु सात लाख लगानी गरेर गाउँपालिकाले आलु फलाएको हो । गाउँपालिकाले भञ्ज्याङखर्कमा रहेको करिब ६१ रोपनी सार्वजनिक बाँझो जमिन फोरेर गत फागुनमा आलुखेती लगाएको थियो । गाउँपालिकाको आन्तरिक आयश्रोत वृद्धि गर्ने उद्देश्यले बाँझो जमिन फोरेर भञ्ज्याङखर्कमा रोपिएको आलु खन्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी स्थानीयवासीलाई लगाइएको थियो । *-रासस*

## चामल र दालमा सामान्य उतारचढाव



वाणिज्य, आपूर्ति तथा उपभोक्ता सं रक्षण विभागले गत पुस महिनाको बजा र मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गर्दै बजा रमा बिचौलियाका का रण मूल्यमा अस्वाभाविक उता रचढाव आएको निष्कर्ष निकालेको छ । विभागले काठमाडौँ, वि राटनग र, वी रगन्ज, भै रहवा, नेपालगन्ज र धनगढी जस्ता प्रमुख सह रहरूबाट विव रण सङ्कलन ग री अध्ययन गर्दा उपभोग्य वस्तुको मूल्यमा सामान्यदेखि मध्यम उता रचढाव भएको पाएको छ । प्रतिवेदनमा विशेषग री त रका री, फलफूल र खाद्यान्नको मूल्य किसानको उत्पादन लागतभन्दा बिचौलियाका का रण बढेको स्पष्ट पा रिएको छ । खाद्यान्नको बजा र विश्लेषण गर्दा मङ्सि रको तुलनामा पुसमा सोना मन्सुली चामलको मूल्य केही घटेको देखिए पनि बास्मती चामल र विभिन्न प्रका रका दालको मूल्यमा भने वृद्धि भएको छ । गेडागुडीको मूल्यमा सामान्य प रिवर्तन भए तापनि राज्मा सिमीको मूल्यमा मध्यम स्त रको उता रचढाव देखिएको छ । त रका री तथा मसलाको हकमा आलु, काउली र प्याजमा खासै ठूलो प रिवर्तन नभए पनि अदुवा, गोलभेँडा, सुकेको लसुन र खुर्सानी जस्ता मसलाजन्य वस्तुको मूल्यमा भने निकै ठूलो अन्त र पाइएको छ । फलफूलतर्फ स्याउ र अना रको मूल्यमा असामान्य उता रचढाव देखिएको छ भने माछा, मासु र अण्डाको मूल्यमा भने सह रअनुसा र सामान्यदेखि मध्यम प रिवर्तन मात्र आएको छ । सबैभन्दा ड रलाग्दो तथ्य त त रका रीको मूल्यमा देखिएको छ, जहाँ घिउसिमी हाइब्रिड, प रव र, काँक्रो हाइब्रिड र कु रिलो जस्ता त रका रीको मूल्यमा एक सय नौ प्रतिशतदेखि एक सय ६० प्रतिशतसम्मको भा री वृद्धि भएको अध्ययनले देखाएको छ । यस्तो अस्वाभाविक मूल्यवृद्धिलाई निरुत्साहन गर्न विभागले सिन्डिकेट र कार्टेलिङको अन्त्य गर्नुपर्ने र बिचौलियाको चलखेल रोक्न स रका री संस्थान, सहका री र साझा व्यापा रिक सञ्जालको विकास गर्नुपर्ने सुझाव दिएको छ । बजा रमा मूल्य स्थि रता कायम गर्न उत्पादन बढाउने, वित रणका तहहरू कम गर्ने र नियमित रूपमा प्रभावका री अनुगमन गर्नुपर्ने आवश्यकतालाई पनि प्रतिवेदनले जोड दिएको छ । *-हाम्रा कु रा डटकम*

## कुखुरापालनमा रमाउँदै युवा उद्यमी लोकेन्द्र



जुम्ला जुम्लाको तिला गाउँपालिका-१ स्थित रारा गाउँका हाल विरेन्द्र नगरपालिका सुर्खेतमै स्थायी बसोबास गर्दै आएका युवा उद्यमी लोकेन्द्र कुमार बुढाको हिजोआज कुखुरा रेखदेख र सुसारमा दैनिकी बित्छ । स्वदेशमै केही गर्छु भन्ने उद्देश्यका साथ विरेन्द्र नगरपालिका-३ स्थित शुभकामना टोलमा तिला कृषि तथा पशुपंक्षी फार्म संचालनमा ल्याई व्यावसायिक कुखुरापालनमा लागि परेको तिला पशुपंक्षी फार्मका संचालक बुढाले जानकारी दिए। सुर्खेत कर्णाली प्रदेशको राजधानी समेत रहेकोले विशेषगरि स्थानीय जातको कुखुराको माग धैरै हुने गरेको छ । मागअनुसार पुऱ्याउन सकिएको छैन । तिला पशुपंक्षी फार्मका संचालक बुढाले भने,"स्वदेशमैआत्मनिर्भर बन्नका लागि कुखुरापालनमा तीन वर्षदेखि लागि परेको छु । "तीन लाख ५० हजार लगानीमा तिला कृषि तथा पशुपंक्षी फार्म सञ्चालनमा ल्याएको उनले बताए । परिश्रम गरे यही सफल हुन सकिन्छ भन्ने अठोटले व्यवसाय शुरु गरेको उहाँको भनाई छ । अहिले स्थानीय जातदेखी अन्य गरि ५ सय भन्दा बढी कुखुरा रहेको तिला पशुपंक्षी फार्मका संचालक बुढाको भनाइ छ । "यसअघि पाँच लट कुखुरा बेचियो, राम्रो आम्दानी भयो", बुढाले भने 'पछिल्लो समय उचित मूल्य र बजारको सुनिश्चितता भएमा व्यवसायमा लगानी बढाउने सोच रहेको छ ।' बुढा परिवारले घरमा बसीबसी उद्यम गरेको देख्दा आफन्त, छिमेकी धैरे खुशी छन् । घरायसी प्रयोगका लागि अण्डा माग गर्नेको सङ्ख्या पनि बढ्दो छ । स्थानीय जातका कुखुराको मासु र अण्डा स्वादिष्ट तथा स्वस्थकर हुने हुँदा उपभोक्ताले रुचाएका हुन् । अन्य जातको भन्दा स्थानीय जातको कुखुराको मूल्य ज्यूँदो कुखुरा प्रतिकिलो रु ९०० मा बिक्री हुने गरेको बुढाको भनाइ छ । प्रदेश राजधानीसँग जोडिएका कारण कुखुरालाई बजारको समस्या छैन । लगानी सुरक्षाको लागि सही मूल्य, बजार व्यवस्थापनसहित सरकारी निकायबाट अनुदान र प्राविधिक सहयोग पाउन नसकेको युवा उद्यमी बुढाले बताए । वैदेशिक रोजगारीमा जानबाट रोकिएका बुढा अहिले कुखुरापालनमा रमाउँदै आएका छन् । कुखुरापालनको आम्दानी सन्तोषजनक रहेको बताउँदै बुढाले कुखुरा पाल्ने किसानले कमाउने चोखो आम्दानी भनेको कुखुराको मल र अण्डा दिन छोडेपछि कुखुरा बिक्री हुँदा आउने रकम हो । कुखुराले महिनौं दिने अण्डा त खर्चमै ठीक्क हुन्छ । ब्रोइलर कुखुराको तुलनामा स्थानीय जातको कुखुरा लामो समय पाल्नुपर्ने भएकाले रोगको महामारी आउँदा निकै ठूलो नोक्सानी बेहोर्नुपर्ने बुढाको अनुभव छ । 'ब्रोइलर कुखुराको तुलनामा स्थानीय जातको कुखुरा लामो समय पाल्नु पर्ने हुन्छ । यदि कुनै महामारीजन्य रोग आएको अवस्थामा सारै दुःख हुन्छ,' उनले भने । कुखुरापालन व्यवसायलाई बैंक,वित्तीय क्षेत्रबाट उदारतापूर्वक सहयोग नगरिएको बुढा बताउँछन् । कुखुरापालन व्यवसायीले राज्यमा योगदान पुऱ्याइरहे पनि अपेक्षित सहयोग नपाएको बुढाको गुनासो छ । कुखुरापालनमा पछिल्लो समय आकर्षण बढेको छ । यसमा पनि युवा पुस्ताको संख्या बढी छ । कुखुरापालनमा उपस्थिति बढ्नु सुखद् पाटो भए पनि बिना अध्ययन हात हाल्नु घातक हुनसक्छ ।

*-इहिमालय टाइम्स डटकम*

## किसानले माघ लागेपछि बल्ल सुन्तला टिप्न थाले



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका किसानले बढीभन्दा मूल्य लिनका लागि माघ लागेपछि सुन्तला टिपेर बजार पठाउन थालेका छन् । देशका धेरै ठाउँका बगैंचा रित्तिएपछि उनीहरुले सुन्तला टिप्न थालेका हुन् । दोसल्लेका किसानले विगतको तुलनामा यसपाली राम्रो मूल्य पाएका छन् । यसअघि मङ्सिर-पुसमा प्रतिक्रेट (बीस किलो) रु एक हजार ७०० मा बिक्री हुने गरेको थियो । यसपालि प्रतिक्रेट रु दुई हजार ५०० मूल्यमा बिक्री भइरहेको स्थानीय विकास श्रेष्ठले बताए । "किसानले सस्तोमा सुन्तला बेच्नुपर्ने अवस्था हटाउन सबै मिलेर मूल्य निर्धारण गरेका हौँ," उनले भने "अन्यत्रको सुन्तला सकिएकाले व्यापारीले प्रतिक्रेट रु तीन हजार २०० सम्म मूल्य तिर्न तयार छन् ।" बयालिस घरधुरीको बसोबास रहेको दोसल्लो गाउँमा गत वर्ष सुन्तलाबाट रु एक करोड ६० लाख भित्रिएको थियो । यसपालि दाना कम लागे पनि मूल्य बढेको र नयाँ बिरुवामा दाना लागेकाले समग्रमा गत वर्षकै अनुपातमा उत्पादन हुने अनुमान गरिएको दोसल्ले व्यावसायिक सुन्तला जात किसान समूहका अध्यक्ष प्रेम पाइजाले बताए। पोखरा र काठमाडौँका व्यवसायी बगैँचामै पुगेर सुन्तला खरिद गरेपछि अहिले धमाधम सुन्तला टिप्ने काम भइरहेको छ । दोसल्लेका सबै घरले सुन्तलाखेती गरेका छन् । गाउँबाट बसाइँसराइ रोकिएको छ । पहिले बेनी, पोखरालगायत ठाउँमा बसाइँसराइ गरेकाले गाउँमा फर्किएर बाँझिएको जग्गामा सुन्तला रोपण गरेका छन् । "पहिले गाउँमा सामान्य जीविकोपार्जन गर्न पनि कठिन थियो, गाउँमा आम्दानीको कुनै स्रोत थिएन, आज सुन्तलाखेतीले स्थानीयलाई आर्थिक लाभ दिएको छ," उनले भने "सुन्तलाबाटै गाउँलेको जीवनस्तर बदलिएको छ," पाइजाका अनुसार दोसल्लेमा १० हजार सुन्तलाका बोट छन् । २०६८ सालमा पोखराबाट माटो परीक्षण विभागबाट विज्ञ ल्याएर माटो परीक्षण गरी सुन्तलाखेतीमा लागेका दोसल्लेवासीले हरेक वर्ष सुन्तलाखेती विस्तार गर्दै लगेका छन् । परम्परागत रूपमा धान, मकै, कोदो, भटमास हुने खेतबारी सुन्तलाले ढाकिएको छ । नयाँ बोटले फल दिन सुरु गरेकाले अबको केही वर्षमा यस गाउँमा सुन्तलाबाट वार्षिक रु तीन करोड बढी रकम भित्रने स्थानीयवासीको अनुमान छ । दोसल्लेका सबै घरमा सुन्तलाखेती गरिएको छ । गाउँबाट बसाइँसराइ रोकिएको छ । पहिले बेनी, पोखरालगायत ठाउँमा बसाइँसराइ गरेकाले गाउँमा फर्किएर बाझिएको जग्गामा सुन्तला रोपण गरेका छन् । सुन्तलाबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसान परम्परागत अन्नबाली लगाउन छाडेर सुन्तलाखेती विस्तारमा जुटेका स्थानीय मायादेवी गर्बुजाले बताए । *-रासस*

# शहीद बहुमुखी क्याम्पस रामपुरले मनायो वार्षिक उत्सव

कृष्ण पोखरेल




**पाल्पा,** माघ १७/पूर्वी पाल्पासँगै गण्डकी बेशी क्षेत्रको जेठो क्याम्पस शहीद बहुमुखी क्याम्पस रामपुर पाल्पाले वार्षिक क्याम्पस सभा तथा ३४ औं वार्षिक उत्सव मनाएको छ । क्याम्पसले एक औपचारिक कार्यक्रम गरी वार्षिक उत्सव मनाएको हो ।

कार्यक्रमको लुम्बिनी प्रदेशसभा सदस्य एबं अर्थ उद्योग तथा पर्यटन समिति सभापति राजु प्रसाद श्रेष्ठले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले समुदायले चलाएको क्याम्पस पुर्वि पाल्पाको मात्र नभएर गण्डकी प्रदेशको स्याङ्जा, तनहुँ र नवलपुरको गौरवको क्याम्पस बन्दै गएको बताए । उनले यस क्षेत्रका जनताको साथ र सहयोगले अब रामपुरलाई शिक्षा र स्वास्थ्यको हबको रुपमा विकास गर्न सकिने उल्लेख गरे । सभापति श्रेष्ठले क्याम्पसमा छात्रबास निर्माणको लागि गतबर्ष लुम्बिनी प्रदेश सरकारले २० लाख बजेट विनियोजन गरेर क्याम्पस हितमा काम गर्दै आएको र आगामी दिनमा विद्यार्थीहरुको सहजताका लागि बस खरिद गर्नको लागि लुम्बिनी प्रदेश सरकारमा पहल गर्ने बताए । कार्यक्रममा रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले शहीद बहुमुखी क्याम्पस रामपुरको मात्र नभएर कालीगण्डकी बेसिको शिक्षा केन्द्र रहेको बताए । उनले आफू निर्वाचित भएर आएपछी यस क्याम्पसमा रामपुर नगरपालिकाले २ करोड भन्दा बढी आर्थिक सहयोग गरेको दावी गरे । कार्यक्रममा रामपुर नगरपालिकाकी पूर्व उपप्रमुख विष्णुदेवी घिमिरे आचार्य, क्याम्पस सञ्चालक समितिका पूर्व अध्यक्ष देबराज ढकाल, नेपाली काङ्ग्रेस रामपुर नगर सभापति नेत्रप्रसाद भट्टराई,नेकपा एमाले रामपुर नगरकमिटी उपाध्यक्ष अशोक श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी रामपुरका सह संयोजक लक्ष्मी ढकाल, राष्ट्रिय जनमोर्चा रामपुरका प्रतिनिधि पदम बहादुर पौडेल, रामतुलसी माध्यमिक विद्यालयका प्रधानाध्यापक बालकृष्ण लम्साल,पृथ्वी टेलिभिजन रामपुरका स्टेशन प्रबन्धक कृष्ण पौडेल, क्याम्पस प्राध्यापक संघका एकाई सभापति सारदा प्रसाद पाण्डेले लगायतले शहीद बहुमुखी क्याम्पसले गण्डकी क्षेत्रमा शिक्षाको ज्योती फैलाएको बताए । कार्यक्रममा शहीद बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्वबियु) सभापति राजन गौतम, अनेरास्वबियु क्याम्पस कमिटी अध्यक्ष मनिस आचार्य, नेपाल विद्यार्थी संघ क्याम्पस एकाई समिति सभापति आकाश भट्टराई, अनेरास्वबियु क्रान्तिकारी क्याम्पस कमिटी अध्यक्ष बिमल क्षेत्री लगायतले शहीद क्याम्पसको महत्वबारे चर्चा गरे । कार्यक्रममा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै क्याम्पस सञ्चालन समितिका अध्यक्ष रामप्रसाद ढकालले प्राविधिक शिक्षा ,संकाय थप गर्ने र छात्रबास निर्माण गर्ने महायज्ञको उद्देश्य अनुरुप कार्यान्वयनको चरणमा रहेको बताए । कोषाध्यक्ष यमबहादुर सुनारले आर्थिक बर्ष २०८१/०८२ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै ३ करोड ७१ लाख ८९ हजार ५ सय ५७ रुपैयाँ बराबरको आम्दानी तथा खर्चको विवरण प्रस्तुत गरे । क्याम्पस प्रमुख मुरारीप्रसाद काफ्लेले जानकारी दिँदै विद्यार्थी बसको ब्यवस्थापनका लागि पहल भैरहेको बताउँदै प्रविधिमैत्री शिक्षाको विकासमा क्याम्पस लागिरहेको जानकारी दिए । अतिथिहरुले शहीद सुर्य प्रसाद घिमिरेको सालिकमा पुष्प गुच्छा अर्पण गरी सम्मान गरेका थिए । कार्यक्रममा स्नातकोत्तर तहमा २०८० सालबाट २०८२ सालसम्म पास हुने ६७ जना विद्यार्थीहरुलाई सम्मान गरिएको थियो । त्यसैगरी क्याम्पसमा स्थापना भएको विभिन्न अक्षयकोषबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई नगद रकम सहित सम्मान पत्रले सम्मान गरिएको थियो । क्याम्पस सञ्चालक समितिका अध्यक्ष रामप्रसाद ढकालको अध्यक्षता, उपाध्यक्ष सुकदेब पोखरेलको स्वागत र प्राध्यापक सुर्यप्रसाद घिमिरे रध्रुव प्रसाद पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो । वि.स. २०४८ सालमा स्थापना भएको क्याम्पसमा अहिले स्नातकोत्तर तहसम्म शिक्षा र ब्यबस्थापन संकायमा पठन-पाठन भैरहेको छ भने स्नातक तहमा मानबिकी, ब्यबस्थापन र शिक्षा संकायमा पठन-पाठन भैरहेको छ । क्याम्पसमा अहिले ७५७ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

## खेलकुद समाचार

### झापा गोल्डकप माघ २४ देखि फागुन ४ गतेसम्म



**काठमाडौँ,** माघ १७/झापा गोल्डकपको सातौँ संस्करण यही माघ २४ देखि फागुन ४ गतेसम्म हुने भएको छ । बिर्तामोडको डोमालाल राजवंशी रङ्गशालामा हुने प्रतियोगिताको सातौँ संस्करणमा पुरस्कार रकम वृद्धि गरीएको छ । उपाधि जित्नेले १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ । प्रतियोगितामा नेपाल, भारत, भुटान र मलेसियाका गरी १० टोलीको सहभागिता रहनेछ । नेपालबाट आयोजक झापा-११ फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, त्रिभूवन आर्मी एफसी, एपीएफ एफसी, नेपाल पुलिस एफसी, मछिन्द्र एफसी र लालीगुराँस एसोसिएसन नेपाल पोखरा सहभागी हुनेछन् । त्यस्तै प्रतियोगितामा अन्तर्राष्ट्रिय टोलीमा रोयल थिम्पु कलेज (भुटान), सिंगिलङ स्पोर्टिङ क्लब (भारत) र एन पेनाङ एफसी (मलेसिया) रहनेछन् । प्रतियोगितामा १ करोड ५० लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगितामा पुराना फुटबल खेलाडी र रङ्गशालाका जग्गादाता डोमालाल राजवंशीको परिवारलाई सम्मान तथा सहयोग प्रदान गरिने भएको छ ।

## अर्थ/कर्पोरेट समाचार

# आन्तरिक राजस्व कार्यालय भैरहवाको राजस्व उल्लेख्य वृद्धि




**देवदह (रूपन्देही),** माघ १७ /आन्तरिक राजस्व कार्यालय भैरहवाले चालु आर्थिक वर्ष २०८२/०८३ को छ महिनामा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ । आन्तरिक राजस्व विभागबाट साउनदेखि पुस महिनासम्ममा छ अर्ब ६३ करोड ७० लाख ५१ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको यस कार्यालयले आठ अर्ब १७ करोड १९ लाख ९७ हजार सङ्कलन गरेको छ । कार्यालयका प्रमुख कर अधिकृत प्रेमराज पोखेलका अनुसार गत आव २०८१/०८२ को सोही अवधिभन्दा यस वर्ष ४७ दशमलव चार प्रतिशतले राजस्व सङ्कलनमा वृद्धि भएको छ । चालु आवको पुससम्म लक्ष्यभन्दा एक अर्ब ५३ करोड बढी अर्थात् लक्ष्यभन्दा २३ दशमलव एक प्रतिशत बढी राजस्व सङ्कलन भएको हो ।

गत आवको तुलनामा यो दुई अर्ब ६३ करोडले बढी हो । चालु आवको पुस महिनामा एक अर्ब २६ करोड ८७ लाख १३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको कार्यालयले एक अर्ब ६६ करोड ८७ लाख ९१ हजार अर्थात् लक्ष्यको ३१ दशमलव पाँच प्रतिशत बढी सङ्कलन गरेको छ । आन्तरिक राजस्व विभागले आन्तरिक राजस्व कार्यालय भैरहवालाई चालु आव २०८२/०८३ मा रु १५ अर्ब ५० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । आन्तरिक राजस्व कार्यालयको सक्रियताका कारण कर सङ्कलनमा उल्लेख्य वृद्धि भएको यहाँ कार्यरत कर्मचारीको दाबी छ । अर्थतन्त्रमा परिसूचकमा देखिएको सुधार र स्थानीयस्तरमा बक्यौता असुलीका लागि कार्यालयको पहलबाट लक्ष्यभन्दा माथि कर सङ्कलन भएको कार्यालयले जनाएको छ । करदाताको घर ठेगाना, कारोबारस्थलमा पत्राचार गर्ने, एसएमएस र टेलिफोनबाट सूचित गर्ने, स्थानीय तहसँग समन्वय गरेर सूचना टाँस गर्ने, नियमित, क्षेत्रगत र प्रभावकारी रूपमा बजार अनुगमन, आर्थिक गतिविधिमा पनि केही वृद्धि भएको कारण राजस्व सङ्कलन बढेको प्रमुख कर अधिकृत पोखेलको भनाइ छ । यस अवधिमा बजेटले दिएका छुट सुविधा कार्यान्यवन, करदाता शिक्षालाई बढी प्रभावकारी, नक्कली बिजक जारी गर्ने करदातालाई कारबाही गरिएको उनले बताए । कर छलीलाई न्यूनीकरण गर्ने प्रयास गरिएको उनको भनाइ छ । आन्तरिक राजस्व कार्यालय भैरहवाले करदाताबाट बाँकी-बक्यौता असुली गर्दै राजस्व सङ्कलन बढाउने उद्देश्यले विशेष अभियान सञ्चालन गरेको थियो । कार्यालयले २०८२ कात्तिकदेखि पुससम्म सञ्चालन गरेको यो अभियानबाट १२ करोड ६२ लाख बक्यौता राजस्व सङ्कलन भएको छ । आयकर, मूल्य अभिवृद्धि कर (भ्याट) र अन्त:शुल्क नबुझाएका करदातासम्म प्रत्यक्ष पुगेर राजस्व दाखिलाका लागि अभियान सञ्चालन गरिएको थियो । कर अधिकृत गौरव पाण्डेका अनुसार पुस महिनासम्म मूल्य अभिवृद्धि कर विवरण, कर र लाग्ने २५ प्रतिशत ब्याज बुझाउने करदातालाई अन्य जरिवाना तथा थप दस्तुर (कर र ब्याजको २५ प्रतिशत) पूर्ण रूपमा मिनाहा गरिएको थियो । त्यस्तै अन्त:शुल्कमा लाग्ने विलम्ब शुल्कको ५० प्रतिशत बुझाएमा बाँकी विलम्ब शुल्क र जरिवाना पनि मिनाहा हुने व्यवस्था गरिएको थियो । सो अवधिमा २१३ जनाले छुट सुविधा लिएको प्रमुख कर अधिकृत पोखेलले बताए । मूल्य अभिवृद्धि कर विवरण नबुझाउने नौ प्रतिशत अर्थात् ४१९ जना करदाता हटाइएको हटाइएको उनले जानकारी दिए । आन्तरिक राजस्व कार्यालय भैरहवाको कार्यक्षेत्रमा एक लाख १० हजारभन्दा बढी व्यावसायिक करदाता छन् । यो कार्यालयको कार्यक्षेत्रमा हरूदेहीको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नम्बर ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नम्बर १ देखि ४ तथा ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा, कोटहीमाई, मर्चवारी, मायादेवी, ओमसतिया, रोहिणी, सम्मरीमाई, सियारी तथा शुद्धोदन गाउँपालिकाको वडा नम्बर ३ र नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) जिल्ला पर्छ । *-रासस*

## हिमालको उदय...

..."नीति निर्माण, बजेट विनियोजनमा प्रभाव पार्ने, कार्यपालिका माथि प्रश्न उठाउने भूमिकाबाट पनि जनताको अपेक्षा पूरा गर्न सकिन्छ," श्रेष्ठ भन्छन् । तर असम्भव आश्वासन दिनु गलत हुने उनी चेतावनी पनि दिन्छन् । पाल्पाका मतदाताले आफूलाई भोट दिनुपर्ने आधारका रूपमा उनी सुशासन, जवाफदेहिता र भ्रष्टाचारविरुद्धको आफ्नो विगतलाई अघि सार्छन् । "पहिलोपटक उम्मेद्वार बनेको म सुशासनमा विश्वास गर्छु," उनी भन्छन्, "भोलि संसद्बाट जनताको आवाज उठाउनेछु ।" सुधारिएको कांग्रेस, नयाँ नेतृत्व र नयाँ अनुहारको सन्देश लिएर चुनावी प्रतिस्पर्धामा उत्रिएका श्रेष्ठ पाल्पाको भूगोल, समस्या र जनभावना आफूले राम्ररी चिनेको बताउँछन् । जेन-जीको भावनालाई आत्मसाथ गर्दै मुलुकलाई समृद्धिको यात्रामा अगाडि बढाउन लाग्नु पर्ने जोड दिँदै आएका उनी आफूलाई सबैले मतबाट माया गर्ने विश्वासमेत लिएका छन् । युवा नेता र अनुहार भएकाले पनि श्रेष्ठको उम्मेदवारीप्रति यहाँका मतदाहरुमा उत्साह छाएको छ । विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय र परिचित श्रेष्ठलाई जिल्लामा राम्रो पहिचान बनाएका नेताका रुपमा धेरैले लिने गर्दछन् । जसले गर्दा उनको संसद यात्रा निश्चित जस्तै रहेको आमवृतमा विश्लेषण हुन थालेको छ ।

## एक महिना लामो स्वस्थानी...

...यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ । सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनिन्छ । स्वस्थानीका चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी व्रतकथामा उल्लेख गरिएको छ । यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ । रोग व्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रुपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथासमेत प्रचलित छ । सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । व्रतपछि बिछोडमा परेका नाग नागिनीको समेत पुनर्मिलन भएको कथामा उल्लेख छ । गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधिअनुसार गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथासमेत स्वस्थानीमा वर्णन गरिएको छ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८८८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई